# दण्डहीनताविरुद्ध नागरिक कार्यदल

**Citizen's Task Force to Combat Impunity**

**Secretariat:** FOHRID Human Rights and Democratic Forum, GPO Box: 19186, Dillibazar, Kathmandu, Nepal,
Tel: +977 1 44 23 125, Fax: +977 1 4 43 812
Email: fohrid@wlink.com.np, website: www.fohrid.org.np


Meeting of the Task Force Coordination Committee for "evaluation, coordination and distribution of responsibility of organizations for implementation of year long campaign against impunity"
2065 Paush 16(26 December 2008)

## दण्डहीनताविरुद्ध संघर्षका लागि नागरिक कार्यदलद्वारा सचिवालयमा आयोजित छलफल कार्यक्रमको संक्षिप्त प्रतिवेदन

*२६ डिसेम्बर २००८ मा मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड)*

२६ डिसेम्बर २००८ मा मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड) को सभाकक्षमा दण्डहीनताविरुद्ध संघर्षका लागि नागरिक कार्यदलद्वारा एक छलफल कार्यक्रमको आयोजना गरियो । कार्यदलद्वारा अघि सारिएको दण्डहीनताविरुद्धको एक वर्षे अभियानको प्रभावकारी सञ्चालन, गम्भीर अपराधमा संलग्न अपराधीहरुका मुद्दालाई राजनीतिक रुपमा उन्मुक्ति दिन उद्त सरकार, आम सञ्चारमाध्यममाथिको बढ्दो हस्तक्षेप लगायतका विषयमा केन्द्रीत छलफलमा आगामी दिनमा दण्डहीनताविरुद्ध अभियान कसरी अघि बढ्ने भन्ने विषयमा गम्भीर समीक्षा र परामर्श सम्पन्न गरियो ।

सहभागीहरुलाई स्वागत गर्दै अधिवक्ता वीरेन्द्रप्रसाद थपलियाबाट कार्यदलद्वारा सम्पन्न गरिएका विभिन्न क्रियाकलापहरुको बारेमा विवेचना गर्दै आगामी कार्यक्रमहरु प्रभावकारी रुपमा सम्पन्न गर्नको लागि जिम्मेवारीपूर्ण दायित्व निर्वाह गर्न सदस्यहरुलाई आग्रह गरियो ।

दण्डहीनताविरुद्ध एक वर्षे अभियानका संयोजक अधिवक्ता गोविन्द शर्मा 'वन्दी'ले कार्यक्रममा आफ्ना धारणाहरु राख्दै एक वर्षे अभियानअन्तर्गतको नोभेम्बर महिनाको महिला हिंसा विरुद्ध अभियान सञ्चालन हुन नसकेकोमा आपत्ति जनाउनुभयो । नेपालका प्रमुख समस्यामध्येमा पर्ने महिला हिंसा विरुद्धको अभियान सञ्चालन गर्न नसकिनु प्रभावकारी समन्वय र सञ्चार अभावको कारण हो भन्दै बन्दीले यस सम्बन्धमा गम्भीर समीक्षा गरिनुपर्ने बताए । साथै राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वयन, सर्वोच्च अदालतको न्यायिक कारवाही, वेपत्ता र सत्य निरुपणको सबालमा सरकारलाई दवाव दिन सर्वोच्च अदालतमा PIL दर्ता गर्नुपर्ने वन्दीको भनाइ थियो । ओएचसीएचआर का सिफारिसहरु कार्यान्वयन गर्न दवाव दिने एवं दण्डहीनतालाई संस्थागत गरेको सरकारको प्रवृत्तिको विरोध गर्नुपर्ने भन्दै बन्दीले जुलुस धर्नामा लगाएको प्रतिवन्ध मानव अधिकारको आम सिद्धान्त विपरित भएकोले मानव अधिकारलाई वेवास्ता गरेर अघि बढ्ने कुनै पनि शक्ति र संयन्त्रलाई आफूले नमान्ने बताए ।

दण्डहीनताको क्षेत्रमा थुप्रै संस्थाहरुले काम गरिरहेको भए पनि प्रभावकारी समन्वयको अभावमा एकीकृत दबाब आउन नसकेको बताउँदै कार्यदल सदस्य दीपक भट्टराईले दण्डहीनताको क्षेत्रमा कार्यरत सम्पूर्ण संघसंस्थाहरु एकै ठाउँमा बसी व्यापक परामर्श पश्चात् कार्ययोजना तयार गरी अघि बढ्नुपर्ने बताए ।

दण्डहीनताविरुद्ध कार्यदलका सदस्य एवं एम्नेष्टि इन्टरनेशनलका प्रतिनिधि रामेश्वर नेपालद्वारा एम्नेष्टि इन्टरनेशनल र दण्डहीनताविरुद्ध कार्यदलको संयुक्त आयोजनामा High Profile को कार्यक्रम गर्नका लागि अनुरोध गर्दै कार्यदलद्वारा आयोजना गरिने हरेक क्रियाकलापहरुमा एम्नेष्टि इन्टरनेशनलको सहयोग प्राप्त हुने कुरा अवगत गराए ।

दण्डहीनताविरुद्ध कार्यदलका संयोजक एवं वरिष्ठ मानव अधिकारवादी नेता नूतन थपलियाले दण्डहीनता विरुद्धका कार्यक्रम परियोजनाको रुपमा भन्दा पनि अभियान (movement) को रुपमा बढाउनुपर्ने बताए । आम सरोकारका विषय परियोजनामुखी भइदिँदा त्यसले सही गति लिन नसक्ने बताउँदै परियोजनाभन्दा माथि उठेर सबै लाग्नुपर्ने थपलियाको भनाइ थियो । दण्डहीनताविरुद्धको अभियान अघि बढीरहेको भए पनि त्यो हाम्रो हातमा नरहेकोले त्यसलाई हामीहरुले कसरी हातमा लिएर अघि बढ्न सकिन्छ भन्नेमा लाग्नुपर्ने बताउँदै उनले पछिल्लो समयमा  शान्ती सुरक्षाको सवालमा सरकारको उपस्थिति घट्दै गएकोले स्थिति विकराल बन्नेमा चिन्ता व्यक्त गरे । थपलियाले पत्रकार वीरेन्द्र यादवका हत्यारा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बन्नु, पत्रकार जेपी जोशीको हत्यामा उपयुक्त छानविन नहुनु, रामहरि हत्यामा संलग्नलाई सरकारले संरक्षण प्रदान गर्नु, सञ्चारमाध्यम माथि बढिरहेको आक्रमण, गम्भीर अपराधमा संलग्नहरुको (३४९ जना) मुद्दा फिर्ता लिने सरकारी निर्णयले दण्डहीनता संगठित रुपमा विकसित हुँदै अघि बढिरहेको बताए । विगत सरकारले दण्डहीनतालाई समाधान नगरे पनि बढवा नदिएको तर वर्तमान सरकारले दण्डहीनतालाई व्यापक रुपमा बढवा दिएको थपलियाको भनाइ थियो ।

**कार्यक्रमको सहभागिता**

१. नूतन थपलिया, संयोजक दण्डहीनताविरुद्ध नागरिक कार्यदल
२. अधिवक्ता गोविन्द शर्मा ‘वन्दी’, संयोजक दण्डहीनताविरुद्ध एक वर्षे अभियान
३. रामेश्वर नेपाल, निर्देशक, एआई नेपाल
४. अधिवक्ता राजकुमार सिवाकोटी, सदस्य
५. अधिवक्ता वीरेन्द्रप्रसाद थपलिया, सदस्य
६. अधिवक्ता सिन्धु सापकोटा, सदस्य
७. अधिवक्ता कमलप्रसाद पोखरेल ,सदस्य
८. अधिवक्ता सारदा सुब्बा, सदस्य
९. तुलसीबहादुर कार्की, सदस्य
१०. कृष्णप्रसाद अर्याल, सचिवालय
११. दीपक भट्टराई, सदस्य,
१२. हेमदत्त देवकोटा, सदस्य
१३. सञ्जितराज पाण्डे, सदस्य
१४. सावित्रा बस्नेत, सदस्य
१५. रोशन पाठक, स्वयंसेवक
१६. सन्देश अधिकारी, पत्रकार
१७. यमुना अर्याल, फोरिड
१८. लक्ष्मण काफ्ले, सञ्चारकर्मी
१९. लोमश लामिछाने, स्वयंसेवक
२०. रामकुमार शर्मा, आमन्त्रित
२१. बुद्धिप्रकाश शर्मा, आमन्त्रित
२२. कोपिला बस्नेत, महिला मानव अधिकार रक्षक
२३. प्रकाश दाहाल, फोटो पत्रकार
२४. मदन थापा, विद्यार्थी,
२५. शशि राई, विद्यार्थी
२६. लोकन ताजपुरिया, विद्यार्थी
२७. अजय ठाकुर, विद्यार्थी
२८. विन्दा नेपाल, विद्यार्थी
२९. डिल्ली सिटौला, विद्यार्थी
३०. राजन प्रसाई, विद्यार्थी
३१. इन्दिरा थापा, विद्यार्थी
३२. लेखनाथ राई, विद्यार्थी
३३. सिताराम लिम्बू, विद्यार्थी

## मिटिङ माइनुट

दण्डहीनताविरुद्ध नागरिक कार्यदलको समन्वय समितिको वैठक यही २६ डिसेम्बर २००८ मा मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड) मा सम्पन्न भयो । सो दिनको वैठकले निम्न निर्णयहरु गऱ्यो ।

१. यही डिसेम्बर ३१, २००८ का दिन कार्यदलको कार्यक्रम समन्वय समिति र अग्रज मानव अधिकार रक्षकहरुसहितको वैठक बसी दण्डहीनताका बारेमा आगामी दिनका क्रियाकलाप र रणनीतिहरु तय गर्ने ।

# Annex- 1: Back ground discussion paper

## वर्तमान सरकार मानव अधिकारप्रतिको उत्तरदायित्व वहनमा असफल

**विषय प्रवेश**

'न्याय र मानवीय मर्यादा : मानव अधिकार सबैका लागि'. भन्ने नाराका साथ ६० औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस भर्खर सम्पन्न भएको छ। मानव अधिकारको यो ६० औं वर्षघाट मनाइदै गर्दा देशमा दण्डहीनताको स्थिति विकराल बनेको छ। शान्ति सम्झौता पश्चात् पनि आम नागरिकले राज्यको अनुभूति गर्न पाइरहेका छैनन्। हत्या, हिंसा, अपहरण, लुटपाट, बलात्कार, जबर्जस्ती चन्दा, लगायतका घटनाहरु नेपालीले नसुनेको दिन छैन। कानुनको सर्वोच्चता तहसनहस भएको छ। राजनीति आवरणमा गरिने विभिन्न हिंसात्मक हस्तक्षेपले दण्डहीनतालाई बढाएको छ।

नेपालले हालसम्म मानव अधिकार सम्बन्धी १९ वटा अन्तर्राष्ट्रिय दस्तावेजहरुमा सहमति जनाइसकेको छ। तर, घरेलु तहमा यी संयन्त्रहरुको कार्यान्वयनको स्थिति अत्यन्त कमजोर छ। विगतको विद्रोही नेकपा माओवादीले वर्तमान सरकारको नेतृत्व गरिरहेको छ। तर, माओवादी नेतृत्वको सरकार मानव अधिकार प्रतिको उत्तरदायित्व वहन गर्न असफल भइसकेको छ। पछिल्लो एक महिनाका घटनालाई मात्रै हेर्ने हो भने पनि शान्ति सुरक्षा कायम गर्ने, मानव अधिकार उल्लंघनकारीलाई अभियोजन चलाउने तथा हिंसात्मक क्रियाकलापमा संलग्न समूहहरुलाई नियन्त्रण गर्ने कार्यमा सरकार असफल भएको छ। वर्तमान सरकारको नेतृत्वले नै हत्या, हिंसा र अपराधमा संलग्न व्यक्तिहरुको संरक्षण गरिरहेको महसुस हुन्छ। यसरी हेर्दा सरकार नै संस्थागत रुपमा दण्डहीनतालाई संरक्षण गरेको देखिन्छ। किनभने केही समय पहिले सरकारले गरेको मुद्दा फिर्तिको निर्णय, प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप, जुलुस तथा धर्ना कार्यक्रममाथिको प्रतिबन्ध लगाउने जस्ता निर्णयहरुले दण्डहीनतालाई संस्थागत गरेको पुष्टि गर्दछ। र, यी सरकारका कदमहरुले नेपालद्वारा अनुमोदित अन्तर्राष्ट्रिय मानव अधिकार कानुनहरुद्वारा सृजित दायित्वलाई सम्बोधन गर्न असफल बनाएको छ।
पछिल्लो एक महिनाभित्र भएका मानव अधिकार उल्लंघनकारी सरकारका गतिविधि र दण्डहीनतालाई संस्थागत गर्न भएका केही प्रयासहरुलाई हेरौं।

**मुद्दा फिर्ता र अपराधीको संरक्षण**

*माओवादी नेतृत्वको वर्तमान सरकारले पनि विगतमा गम्भीर अपराधमा संलग्न दोषीहरुमाथिका मुद्दा फिर्ता लिएको छ। माओवादी नेतृत्वको सरकारले कर्तव्य ज्यानसँग सम्बन्धित ९९, खुन डाँका १०४, केही सार्वजनिक अपराध २३, हतियार तथा खरखजना ४२, ज्यान मार्ने उद्योग ३०, आगलागी सम्बन्धी ३९ गरी ३ सय ४९ मुद्दा फिर्ता लिएको छ। बलात्कारको आरोपमा पक्राउ परेका लागेका प्रमोद बैठा धोवी, चरेस कारोबार मुद्दामा परेका जोखबहादुर महरा देखि संविधानसभा निर्वाचनमा राष्ट्रिय जनमोर्चाका उम्मेदवार कमलप्रसाद मैनालीको हत्याका अभियुक्तहरु समेतको फिर्ता लिइ माओवादी नेतृत्वले दण्डहीनतालाई संस्थागत गरेको छ।*

*मुद्दा फिर्ता लिने कार्य विगतका सरकारले पनि नगरेका होइनन्। सन् ९० को अन्तरिम सरकारले डकैटी, लागू पदार्थ ओसारप्रसार र काठ-तस्करीसँग सम्बन्धित २४३ मुद्दा फिर्ता लिएको देखिन्छ भने ९१-९४ को कांग्रेस सरकारले ९९ फौजदारी मुद्दा फिर्ता लिएको देखिन्छ। त्यसैगरी नेपाली कांग्रेस, राप्रपा, नेपाल सद्भावना पार्टीको संयुक्त सरकारले पनि १० फौजदारी मुद्दा फिर्ता लिएको थियो। जसले गर्दा न्याय प्रणाली नै राजनीतिक हस्तक्षेपबाट आहत हुन पुग्यो। प्रहरी प्रशासन पनि स्वतन्त्र रुपमा कारवाही गर्न असफल रह्यो।*

**माओवादी निसानामा प्रेस जगत**

*गएको एक महिना यता नेकपा माओवादीका भातृ संगठनहरुले मिडियालाई निसाना बनाउँदै आएका छन्। ६ पुष २०६५ आइतबार आफूबिरुद्ध समाचार लेखेको भन्दै छापामार शैलीमा हिमाल मिडियामाथि आक्रमण गरियो। माओवादी भातृ संगठन अखिल नेपाल होटल रेस्टुँरा तथा मजदुर संघका केन्द्रीय अध्यक्ष रमेशबाबु पन्त र अखिल नेपाल सञ्चार तथा छापखाना मजदूर युनियनका ललितपुर प्रमुख रमेश केसीको नेतृत्वका आएको करिब ५० जनाको मुकुण्डोधारी समूहले हिमाल खबर पत्रिकामा आक्रमण गरे। विगतमा पनि माओवादी समूहले पत्रकारहरुको हत्या गर्दै आएकै हुन्। माओवादी शान्ति प्रक्रियामा आएपछि पत्रकार वीरेन्द्र शाह र जेपी जोशीको हत्या माओवादी कार्यकर्ताबाटै भएको छ। हाल माओवादी सरकारमा छ। तरपनि माओवादी पत्रकारहरुको हत्यामा संलग्न दोषीहरुलाई कारवाही गर्न असफल भएको छ। दोषीहरुमाथि कारवाही गर्नुको अलवा सरकारले नै दोषीहरुको संरक्षण गरिरहेको छ। प्रधानमन्त्री प्रचण्ड स्वयंले उनका कार्यकर्ताबाट सञ्चारकर्मीमाथि आक्रमण गरिदा दोषीहरुको संरक्षण गर्दै विवादलाई मिडियाले अनावश्यक लम्बाएको बताउदै आएका छन्।*

*उता माओवादी समर्थित ट्रड युनियनका अध्यक्ष सालिकराम जमरकट्टेलले मजदुरमाथि शोषण बढिरहे हिमाल मिडिया जस्ता काण्ड दोहोरिने चेतावनी दिएका छन् । यसले के प्रमाणित गर्दछ भने माओवादी आफू सरकारमा भएर पनि सञ्चार जगतमाथि निरन्तर आक्रमण गर्न उद्त छ ।*

**पत्रकार वीरेन्द्र शाहको हत्यारा विद्यालय व्यवस्थापन समितिमा : माओवादी संरक्षण !**

*गत वर्ष हत्या गरिएका पत्रकार वीरेन्द्र शाहको हत्यामा संलग्न प्रमुख अभियुक्त कुन्दन फौजदार गम्भीरा बज्रकिशोर माविको व्यवस्थापन समितिको अध्यक्ष्मा निर्वाचित भएका छन् । प्रहरीद्वारा मोस्ट वान्टेडको सूचीमा रहेका फौजदार एक महिना अघि देखि विद्यालय समितिको अध्यक्षमा रहेको भएपनि प्रहरीले उनलाई कारवाही नगरेको स्थानीय बासिन्दाको गुनासो छ । गाउँलेलाई थर्काएकै भरमा उनी सो पदमा पुगेका हुन् । आफ्नो ज्यान जाने डरले उनको उम्मेदवारी विरुद्ध कसैले पनि उमेद्वारी नदिएकोले उनी निर्विरोध निर्वाचित भएका हुन् । त्यसै शाहकै हत्यामा संलग्न अभियुक्तहरु लालबहादुर चौधरी र हरेराम पट्टेल फार भनिए पनि माओवादीकै संरक्षणमा गाउँमा बस्दै आएको बताइएको छ ।*

**पत्रकार जेपी जोशीको हत्या**

*जनदिशा राष्ट्रिय दैनिकका सुदूरपश्चिम संयोजक पत्रकार जेपी जोशीको हत्या भएको छ । २२ असोजमा कैलाली अत्तरियाका व्यापारी लोकेन्द्र रावतसँग पैसा माग्न गएको र त्यहींबाट उनी वेपत्ता भएका थिए । लोकेन्द्रको घरमा बाघको छाला भेटिएको र त्यसको समाचार जोशीले लेखे पश्चात् उनीमाथि हत्याको चेतावनी आइरहेको बुझिएको छ । अर्कोतर्फ माओवादी पार्टीभित्र थारुवान र सेती महाकाली राज्यको बीचमा विवाद रहेको र जोशी कैलालीमा थारुवान राज्यको विपक्षमा रहेको बुझिएको छ । उनले थारुवान राज्यको विपक्षमा समाचार लेखेकोले उनी तारो बनेको आशंका गरिएको छ । हत्या आरोपमा पक्राउ परेका किरण र प्रकाश रावतलाई यातायात मन्त्री लेखराज भट्टले छाड्न दवाव दिएबाट पनि यसमा पार्टीको संलग्नता देखिन्छ।*

उल्लेखित केही घटनाक्रमहरुको उदाहरण र वर्तमान मानव अधिकार प्रतिको प्रतिवद्धतालाई विश्लेषण गर्दा आम रुपमा मानिसको स्वतन्त्रतापूर्व बाँच्न पाउने अधिकार नै अहिले कुण्ठित भएको छ । विहान हिँडेको मानिस बेलुका फिर्ता आउँछ कि आउँदैन भन्ने त्रासदी व्याप्त छ। कानुन हातमा लिइ अराजकता मच्चाउने भातृ संगठनहरुको दादागिरी, जातियता र क्षेत्रीयताको नाममा उठिरहेका विखण्डनकारी हिंसात्मक भड्कावहरु र राजनीतिक दलहरुको विशेषतः सरकारको नेतृत्व गर्ने नेकपा माओवादीको कानुनी राज्यप्रतिको विरोधाभाषपूर्ण व्यवहारले गर्दा दण्डहीनता बढिरहेको छ । सरकार प्रमुख प्रचण्ड नै बन्दुक उठाउने कुरा गर्छन् । यसले पनि उनी कति सच्चा छन् भन्ने प्रष्ट पार्दछ । यी घटनाक्रमले भविष्यमा अझ विकराल रुपमा दण्डहीनता बढ्ने संकेत गर्दछ ।

एकातर्फ आफै कानुनी कठघरामा उभिनु पर्ने त्रासले गर्दा हरेक राजनीतिक दलहरु आफ्ना कुकृत्य लुकाउनको लागि तैंचुप मैचुपको अवस्थामा छन् भने अर्कोतर्फ आफ्ना अभीष्ट पूरा गर्न भातृ संगठनलाई कानुन हातमा लिन छुट दिइरहेका छन् । गरिब र बेरोजगार आम नागरिकलाई भिडाएर आफ्नो शक्ति प्रदर्शन गर्न सबै राजनीतिक दल उत्तिकै माहिर देखिएका छन् । यस प्रकारका क्रियाकलापले दण्डहीनतारहित नयाँ नेपाल बनाउने आम नागरिकको चाहना पूरा नहुने निश्चित छ । जबसम्म दण्डहीनताको अन्त्य हुँदैन तबसम्म नयाँ नेपाल भन्ने कुरा पनि कल्पना र भाषाण मात्र हुनेछ ।

समृद्ध र नयाँ नेपालप्रति आम नागरिकको चाहना दण्डहीनतामाथि शून्य सहिष्णुता राख्ने समाजको निर्माण नगरिएसम्म पूरा हुन सक्दैन । खस्कदो जवाफदेहीताको स्थिति प्रवर्द्धन नगरिएसम्म र हरेक मामिलामा राजनीतिक दलहरु पारदर्शी नभएसम्म दण्डहीनता अन्त्य हुन सक्दैन । त्यसैगरी दण्डहीनता अन्त्यका लागि दण्डहीनता निषेध गर्ने नयाँ कानुनको निर्माण, दण्डहीनताविरुद्ध नागरिक अभियानको विस्तार, राजनीतिक प्रणाली र इच्छाशक्तिको विकास, दण्डहीनतालाई पश्रय दिने कानुनहरुको सुधार र खारेजी, न्याय प्रशासनको व्यवस्थापन र सशक्तिकरण, कानुनी शासन र न्यायपालिकाको अवमूल्यनमा रोक, मानव अधिकार उल्लंघनका दोषीहरुलाई अभियोजन लगायतका क्रियाकलापहरु गरिनु अपरिहार्य छ ।